मानव अधिकार पत्र-मंसिर-फागुन अंक, २०७५

मानव अधिकार पत्र

Human Rights Newsletter

राष्ट्रिय मानव अधिकार अयोग

बर्ष ४ अङ्क २ २०७५ चैत


# निर्मला पन्तको हत्याको घटना सम्बन्धमा नेपाल सरकारलाई आयोगको सिफारिश तथा निर्देशन



गत साउन १० गते बलात्कारपश्चात् हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको घटना सम्बन्धमा आयोगद्वारा मिति २०७५/७/२७ गते गठित विज्ञहरु सहितको टोलीले अनुसन्धान सम्पन्न गरी प्रतिवेदन पेश गरेको थियो। अनुसन्धान टोलीबाट प्राप्त प्रतिवेदन उपर आयोगको बैठकले छलफल गरी मिति २०७५/१०/९ गते निर्णय गरेको थियो। सोही निर्णय अनुसार आयोगले राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४(१) बमोजिम नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ४ बुँदे सिफारिश एवं २३ बुँदे निर्देशन सहितको पत्राचार गरेको छ।

पूर्व नायब महान्यायाधिवक्ता नरेन्द्र पाठकको संयोजकत्वमा गठित उक्त अनुसन्धान समितिमा पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक विज्ञानराज शर्मा, फरेन्सिक विज्ञ डा. हरिहर वस्ती, डि. एन. ए. विशेषज्ञ दिनेश झा एवं आयोगका अधिकृत सम्मिलित रहनुभएको थियो।

मृतक निर्मला पन्तको शरीरबाट डी. एन. ए. परिक्षणको लागि Vaginal Swab लगायतका नमूनाहरु संकलन गर्दा सिन्कोमा वेरिएको कपासबाट नमूना संकलन गरिएको पाइयो। यस्तो संकलन प्रकृया पूर्णतः दोष मुक्त नरहेको,

शव परीक्षण, मुचुल्का तयारी, डीनए परीक्षणमा त्रुटी देखिएको । अनुसन्धानमा प्रहरी अधिकारी समयमा संवेदनशील नभएको, घटनाको शुरुवात भएको स्थानको मौकामै जाँच पड्ताल सोधपुछ नभएको, घटनास्थलमा खटिएका अनुसन्धान अधिकृतले प्रत्येक घटनालाई गम्भीर रुपमा नलिएका, स्वच्छ सुनुवाईलाई अनुसन्धानको आधारस्तम्भको रुपमा नमानिएको/नगरिएको, लाश जाँचका सामान्य सिद्धान्तप्रति प्रहरी अधिकारी सजग र गम्भीर नभएको, अनुसन्धानको सिलसिलामा मानसिक एवम् शारीरिक यातनालाई शून्य सहनशीलतामा नलगिएको लगायतका तथ्यहरु अनुगमनबाट प्राप्त भएको र सोको आधारमा बैठकले निर्णयगरी सिफरिश तथा निर्देशन दिएको हो ।

**क)** अनुगमन/अनुसन्धानबाट प्राप्त तथ्य तथा निष्कर्षका आधारमा राष्ट्रिय मानव अधिकार आयोग नेपाल सरकारलाई देहाय बमोजिम सिफारिश गर्दछ :

- अनुगमन/अनुसन्धानबाट तथ्यहरुको विश्लेषणको आधारमा मेडिको लिगल प्रकृया, नमूना संकलन प्रकृयामा संलग्न अनुसन्धानकर्ता चिकित्सकहरुले विधिप्रकृया अनुसार नगरेको र लापरवाही गरेको पाइएकोले संलग्नहरुलाई छानवीनको दायरामा ल्याउन ।
- प्राप्त डि. एन. ए. को Autosomal प्रविधीबाट परीक्षण सम्भव हुँदाहँदै पनि सो नगरी YSTR प्रविधीबाट मात्र परिक्षण गरिएको पाइएको हुँदा यस्तो त्रुटीपुर्ण परीक्षणमा संलग्न प्राविधीकहरुलाई आवश्यक छानविनको दायरामा ल्याउन । साथै भविष्यमा गरिने यस्ता खाले परीक्षणमा विश्वसनीयता ल्याउन आवश्यक पर्ने सबै परीक्षणहरु गर्न तथा सुविधा नभएको अवस्थामा अन्यत्र पठाउन ।
- घटनाका घाइतेहरु अर्जुन भण्डारी लागायत घाइते सबैको नि:शुल्क उपचार गर्न, हालसम्म उपचारमा लागेको खर्च पीडितहरुलाई उपलब्ध गराउन ।
- पृथकीकरण गरिएका डि. एन. ए. नरहेको, संकलित स्वाव बाँकी रहेपनि पुरुष डि. एन. ए. अत्यन्तै न्युन रहेको, लामो समयसम्म भेजिनल स्वाव यथास्थितिमा रहन नसक्नु जस्ता आधारमा बाँकी भेजिनल स्वाववाट थप नतिजामूलक परीक्षणको संभावना अत्याधिक कम रहेको पाईंदा अब यसैमा मात्र भर नपरी Human intelligence को माध्यमद्वारा प्रभावकारी र नतीजामूलक अनुसन्धान जारी राख्न ।

**ख)** उपरोक्त बमोजिमको विज्ञहरुको प्रतिवेदनमा उठाइएका विषयमा तदनुरुप सुधार गर्दै भविष्यमा हुन सक्ने यस्ता प्रकृतिका महिला हिंसा तथा अन्य अपराधिक घटनाका सम्बन्धमा प्रभावकारी रुपमा अनुसन्धान गरी दोषी पत्ता लगाई कानून बमोजिम कार्यवाहीका लागि देहाय अनुसार गर्न गराउन राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा ४(१) क बमोजिम नेपाल सरकारलाई निर्देशन दिने :

**१. अपराध अनुसन्धानको लागि छुट्टै अपराध अनुन्धान विभाग गठन हुनुपर्ने**

अपराध अनुसन्धानको कार्य प्राविधिक एवं विशेषज्ञताको विषय भएको हुँदा अनुसन्धानमा संलग्न प्रहरीलाई नियुक्त गर्दाकै अवस्थामा विशेष योग्यता र सो अनुरुपको तालिम समेत दिई निजलाई नियुक्तिदेखि अवकाससम्मको पूरा अवधि अनुसन्धान कै कार्य गर्ने जिम्मेवारी सुम्पन सक्ने गरी संस्थागत एवं कानूनी व्यवस्था गरिनु पर्ने ।

**२. दक्ष जनशक्ति र प्रयाप्त स्रोत साधन उपलब्ध हुनुपर्ने**

अपराध अनुसन्धान पक्षलाइ विशिष्टीकृत गरिनु पर्ने, मुद्दा चल्ने इकाईहरुमा दक्ष जनशक्तिसहित पर्याप्त Investigation kit box र यस भित्रको गुणस्तरीय सामग्रीहरुको उपलब्धतामा कुनै कमी रहन नहुने प्रबन्ध गर्न ।

**३. सि. सि. टि. भि क्यामराको जडान गर्नुपर्ने**

नागरिकको सुरक्षा गर्नु राज्यको दायित्व हो । तसर्थ ठूला जनघनत्व भएको क्षेत्रमा, अपराध वढी हुने क्षेत्रका प्रसस्त CCTV क्यामराहरुको जडान गर्नुपर्ने ।

**४. केन्द्रीय स्तरमा गुनासो सुन्ने संयन्त्रको विकास गर्नुपर्ने**

व.प्र.का/जि.प्र.का वा प्रदेश स्तरिय कार्यालयबाट पनि पीडितको सुनवाई नभएमा केन्द्रीय स्तरमा सुनवाई हुने संयन्त्र विकास गरी सो संयन्त्रबारे सर्वसाधारणलाई यथेष्ट जानकारी गराउने व्यवस्था गर्नुपर्ने ।

**५. पीडित तथा साक्षी संरक्षण गर्ने**

प्रहरीले लागू गरेको CRIME Action Plan (CAP) मा उलिखित व्यवस्थाहरुलाई योजनाबद्ध रुपमा कार्यान्वयन गर्न पीडित/साक्षीको सुरक्षा र संरक्षणको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्नुपर्ने ।

**६. स्थानीय व्यक्तिलाई अनुसन्धानमा नपठाउने**

सामान्यतः प्रहरीको जिल्ला नेतृत्वमा स्थानीय व्यक्तिलाई नपठाउने र अनुसन्धानमा संलग्न अधिकारीहरुलाई सम्भव भएसम्म घरपायक जिल्लामा नपठाउने नीति अख्तियार गर्नुपर्ने ।

**७. प्रहरीका सूचना संयन्त्र चुस्त दुरुस्त बनाउनु पर्ने**

प्रहरीका सूचना संयन्त्र जति प्रभावकारी हुन सक्यो अपराध र अपराधिको जानकारी त्यति नै छिटो हुन सक्छ त्यसैले सूचना संकलन कार्यमा प्रशस्त लगानी आवश्यक हुन्छ । त्यसतर्फ सरकारको ध्यान जानु पर्ने देखिन्छ ।

**८. सुरक्षाको लागि अतिरिक्त बल (Reserve Force) को व्यवस्था हुनुपर्ने**

संभावित झडप हुन सक्नेतर्फ पूर्व सूचना र सोहीबमोजिम तयार रहनुपर्छ। प्रहरीले आवश्यकता अनुसार प्रहरी जनशक्तिको भौतिक उपस्थितिको पूर्व आँकलन गरी सो अनुसार व्यवस्थापन गर्न र न्युनतम बल प्रयोगको सिद्धान्त प्रभावकारी रुपमा लागू गर्न सकिन्छ ।

विशिष्ट प्रकारको अनुसन्धानमा प्रहरीको supervisonory role को प्रमुख भूमिका रहने हुन्छ । निर्मलाको घटनामा Chain of command को भूमिकालाई मौकामै उचित रुपमा संबोधन नगरेको कारणबाट घटनाले नकरात्मक मोड लिएको परिप्रेक्ष्यमा प्रहरी प्रधान कार्यालयले समयमै सम्बोधन गर्नुपर्ने ।

**९. सरकारी चिकित्सक र अनुसन्धान अधिकारीबीच समन्वयको विस्तार**

पोष्टमार्टम र भेजिनल स्वाव जस्ता महत्वपूर्ण विषयमा धेरै प्रहरी अनुसन्धान कर्ताहरुमा राम्ररी ध्यान नपुगेको देखिन्छ । सकभर आफै उपस्थित भई चिकित्सकसँग छलफल गर्दा अझ राम्रो नतिजा आउन सक्छ । चिकित्सक र प्रहरी दुवै एकअर्काका परिपुरक हुन । कुनै निश्चित घटनामा एक सर्न्दभमा मात्र नभई सबै घटनामा सहकार्य र सहयोग बढाउनुपर्ने देखिन्छ ।

**१०.सरकारी वकीलको भूमिका प्रभावकारी हुनुपर्ने**

कानूनमा अपराध अनुसन्धानको क्रममा सरकारी वकीलको भूमिका महत्वपूर्ण हुने र अभियुक्तको बयान गराउँदा रोहवरमा रहनुपर्ने समेतका दायित्वमा चुक्न हुँदैन । यस घटनामा सरकारी वकीलको भूमिका अपेक्षित हुन नसकेको सन्दर्भमा भविष्यमा सजगता अपनाउन समुचित निर्देशन र निगरानी हुनुपर्ने ।

**११.सि. सि. टि. भि कभरेज, सि. डि. आर., एस. एम. लोकेटरमा समेत प्रहरीको पहुँच बढाउनु पर्ने**

अनुसन्धानका टेक्निकल पक्ष जस्तै सि. सि. टि. भि कभरेज, सि. डि. आर., एस. एम. लोकेटर एनालिसिसको पहुँच प्रहरीमा हुनुपर्छ। त्यस्तै फेसबुक, युटुव, वाट्सएप जस्ता सामाजिक संजालको डाटा नेपाल प्रहरीले पनि २४ घण्टाभित्र पाउने व्यवस्था गर्न सम्बन्धित पक्षसंग नेपाल सरकारले तत्काले प्रयास थाल्नु पर्दछ । सि. डि. आर. मा ३ महिनासम्म मात्र स्टोरेज हुन सक्ने हुँदा संगीन अपराधको घटनामा त्यस्ता अभिलेखलाई प्रहरीले पुनः प्राप्ति गर्न सक्ने गरी पहुँच बढाउन पर्ने ।

**१२. केन्द्रीय स्तरमा तथ्याङ्कहरुको सुरक्षा**

राष्ट्रिय स्तरका तथ्याङ्कहरु जो अपराधी पत्ता लगाउने सहज हुन्छ । जस्तै नागरिकता पासपोर्ट, मतदाता परिचयपत्र अर्धन्यायिक निकायहरुको निर्णय, यातायात, अध्यागमनसंग भएका तथ्याङ्कहरुलाई Central Data bank को रुपमा राखी सोमा प्रहरीलाई अनुसन्धानका क्रममा त्यस्ता सूचना तत्काल प्राप्त हुने व्यवस्था गर्नुपर्ने ।

**१३. विधि विज्ञान प्रयोगसँग सम्बन्धित निकायवीच समन्वय र सहकार्य हुनु पर्ने**

संगीन प्रकृतिका अपराधमा संकलित भौतिक सबुतको परीक्षणलाई अझ विश्वसनीय परिणाम प्राप्त गर्न अन्य विधि विज्ञान प्रयोगशाला समेतसंग सहकार्य गरी सयुंक्त रूपमा अनुसन्धान एवम् परीक्षण गर्ने कार्य शुरुवात गर्न ।

**१४. बदनियतपूर्वक अनुसन्धान गर्नेलाई अपराध संहिता ऐन बमोजिम कारवाही गर्नुपर्ने**

अनुसन्धान अभियोजन वदनियतपूर्वक गर्ने प्रहरी तथा अन्य कर्मचारीलाई मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा ९९ वमोजिम कारवाही गर्नुपर्ने ।

**१५. सरकारी वकील/अभियोजनकर्तासँग सहकार्य र समन्वय अझ विस्तार गर्नुपर्ने**

प्रहरी एवम् अनुसन्धान अधिकारी चिकित्सकवीच सहकार्य र समन्वय भएमा अझ प्रभावकारी अनुसन्धान हुन सक्नेहुँदा सो तर्फ ध्यान दिनु पर्ने ।

**१६. अनुसन्धान गर्न विशेष टोली गठन हुनुपर्ने**

मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को दफा १२ ले संगीन प्रकृतिका अपराधमा अनुसन्धान तहकिकात गर्न प्रहरी महानिरीक्षक आफैले वा महान्यायधिवक्तासँग परामर्श गरी विज्ञ सहितको अनुसन्धन टोली गठन गर्न सक्ने व्यवस्था हुँदा हुँदै यस्तो संगीन प्रकृतिको अपराधमा त्यस्तो टोली गठन गरेको पाईदैन । अनुसन्धानको नाममा थरिथरिका समिति गठन गर्ने समितिका आफ्ना आफ्ना प्रतिवेदन प्रस्तुत हुने तर अपराधी पत्ता लगाउने जस्तो महत्वपूर्ण विषयमा समिति प्रवेश नगर्ने र कानूनी आधार पनि नहुने जस्ता कार्यले जनताको अपराध अनुसन्धानप्रति नकरात्मक हुने भएबाट यस्ता प्रशासनिक समिति गठन गर्ने कार्यलाई निरुत्साहित गरी कानूनले अधिकार दिएको अधिकार सम्पन्न टोली मात्र गठन गरी अनुसन्धान गर्न ।

**१७. अनुसन्धानमा human intelligence को प्रयोग गर्नु पर्ने**

निर्मला घटनाको अभियुक्त हालसम्म फेला नपरेको अवस्थामा विशेषत: human intelligence मा विशेष अनुसन्धानलाई निरन्तरता दिन ।

**१८. सावितीमुखी अनुसन्धानलाई भन्दा सबुतमुखी अनुसन्धानलाई जोड दिनुपर्ने**

हालसम्म पनि प्रहरीको अनुसन्धान सावितिमा नै बढी केन्द्रित देखिएकाले अनुसन्धानलाई सबुतमुखी बनाई अनुसन्धान गर्न गराउन ।

**१९. गोपनीयताको हकलाई संरक्षण गरिनुपर्ने**

डी. एन. ए. परीक्षणका नाममा घटनासँग सामान्य सम्वन्ध भएका व्यक्ति तथा बाबु छोराको एकै साथ परीक्षणले गोपनीयताको हक (Right of privacy)को हनन् हुने देखिन्छ । यसतर्फ सम्वन्धित अधिकारी संवेदनशील हुनु जरुरी छ ।

**२०. अनुसन्धानमूलक कुटनीति (Investigative diplomacy) को प्रयोग गर्नु पर्ने**

भनिन्छ कानून भन्दा अपराधी दुई कदम अगाडी हुन्छ । वर्तमान अवस्थामा अपराध गर्ने तौरतरिका र विधि फरक भएको अवस्थामा परम्परागत अपराध अनुसन्धानले अपराधीको पहिचान गर्ने काम कठिन हुन्छ । त्यसैले अपराध अनुसन्धानमा अपराधी कुटनीतिको महत्वपूर्ण भूमिका हुनेहुँदा यस्ता मुद्दामा Investigative diplomacy को प्रयोग गर्नुपर्ने देखिन्छ ।

**२१. फरेन्सिक मेडिको लिगलमा निम्न सुधारहरु गरिनुपर्ने**

मानव शरीर विरुद्धका अपराधहरुको अनुसन्धानमा मेडिको लिगल जाँच कानूनी चिकित्सकीय परीक्षणले धेरै महत्व राख्ने हुँदा हालसम्म स्वास्थ्य मन्त्रालयले सम्बोधन नै नगरेको र न्यूनतम् व्यवस्थापन पनि हुन नसकेको यो क्षेत्रलाई उचित पहिचान, प्राथमिकता तथा समुचित व्यवस्थापन गरी भएका कानूनी प्रावधान र तयार गरिएका स्तरीय मेडिको लिगल कार्यविधिहरुको प्रयोग अविलम्ब गर्नुपर्ने । त्यस्तै गरी मेडिकोलिगल जाँच तथा प्रतिवेदन सम्भव भएसम्म फरेन्सिक विशेषज्ञबाट वा सो नभए तालिम प्राप्त चिकित्साकर्मीबाट गर्न गराउन ।

- कानूनद्वारा नै उल्लिखित विशेषज्ञहरुको प्रयोग तथा उपयोग जघन्य प्रकारका मृत्यु तथा अन्य अपराधिक गतिविधिहरुमा अनुसन्धानको शुरुकै चरणबाट अनिवार्य रुपमा गरिनु पर्ने । विभिन्न क्षेत्रमा संचालित विधि विज्ञान प्रयोगशालालाई छुट्टै ऐन वा बिनियमद्वारा यथाशक्य छिटो व्यवस्थित गर्नु पर्ने । प्रहरी विभाग मार्फत रहेको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालालाई अझ साधनस्रोत सम्पन्न बनाई निश्पक्ष परिणाम दिन सक्ने संस्थाको रुपमा विकास गर्ने ।
- विधि विज्ञान प्रयोगशालामा Bio Serology, Toxicology तथा डि. एन. ए. विषयमा योग्यता

प्राप्त सम्बन्धित विषयविज्ञहरु थप गर्नु पर्ने र आवश्यक उपकरणहरुको व्यवस्था गर्नु पर्ने ।

- Standard Operating Procedure for forensic examination सम्वन्धी दिग्दर्शनले निर्धारण गरेका कार्यविधिहरुलाई सबै अस्पतालहरुमा अनिवार्य रुपमा कार्यान्वयन गर्न नेपाल सरकार, स्वास्थ मन्त्रालयले पहल गर्नुपर्ने जसले गर्दा अपराधजन्य क्रियामा संकलन गर्नु पर्ने भौतिक सबुतलाई ठीक समयमा तोकिएको ढाँचामा उतार्न सकिन्छ । जसले पीडितको अधिकार र पीडकले सजाय कानूको मर्म पूरा हुने हुँदा सो अनुसार गर्न ।
- विभिन्न मुलुकमा झैं नेपालमा समेत डी. एन. ए. परिक्षणको आवश्यकता र वैधानिकता, फौजदारी मुद्दामा व्यक्तिले डि. एन. ए. परीक्षणका लागि अनिवार्य नमूना दिनुपर्ने बाध्यात्मक व्यवस्था, डि. एन. ए. परीक्षणका लागि आवश्यक गुणस्तर सहितको प्रयोगशाला (Accredited laboratory), डि. एन. ए प्रविधिलाई नियमन, नियन्त्रण गर्ने सम्वद्ध विज्ञको समितिसँगै डि. एन. ए. डाटाबेश समेत समेटिने 'DNA ACT' निर्माण गरी लागू गर्न गराउन ।

**२२. घटनास्थल विज्ञ अधिकृत (Soco Officer) लाई विशेष तालिम दिनुपर्ने**

अपराध अनुसन्धानमा **Soco Officer** को भूमिका महत्वपूर्ण हुन्छ निर्मलाको घटनामा तालीम प्राप्त **Soco Officer** नभएकै कारण पीडितले दिएको सुचनालाई तत्काल कार्यान्वयन गर्न नसकेको र घटनास्थल तथा लाशजाँच मुचुल्का र भौतिक सबुतको संकलन गर्दा सबुत प्रमाणहरु यकिन गर्न कठिनाई उत्पन्न भएको देखिएकोले Soco Officer लाई विशेष तालीम दिई सबै अपराध अनुसन्धान गर्ने युनिटमा पठाउन ।

**२३. मिडियालाई व्यवस्थित बनाई तथ्यको वास्तविक सूचना सम्प्रेषण गर्ने संयन्त्रको विकास गर्न गराउन**

अपराध समेतका सार्वजनिक चासोका विषयमा समाचार सम्प्रेषण गर्दा पत्रकार आचार संहिताको पालना गर्न र पत्रकारलाई सूचना प्रवाहित गर्दा तथ्यपरक र प्रमाणबाट पुष्टि हुने सूचना सम्बन्धित निकायले दिनुपर्दछ । सूचना सम्प्रेषण गर्दा अपराध अनुसन्धानलाई प्रभाव पार्ने खालका विचार तथा धारणाले स्थान नपाउन सम्बन्धित पक्ष सजग हुन भनी आयोगबाट मिति २०७५/१०/९ मा निर्णय भएको छ ।

# उपभोक्ता अधिकारको अवस्था सम्बन्धमा अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. ३ कार्यालयले उपभोक्ता अधिकारको अवस्था सम्बन्धमा मिति २०७५ माघ २५ गते देखि फागुन १ गतेसम्म चितवन जिल्लामा अनुगमन गर्नुका साथै स्थानीय सरोकारवालासँग अन्तर्क्रिया गरेको छ ।

नेपालको संविधान (२०७२) को मौलिक हकहरुको कार्यान्वयनको लागि संविधान जारी भएको तीन वर्ष भित्र कानुनी व्यवस्था गर्ने दायित्व बमोजिम उपभोक्ता संरक्षण ऐन २०५४ लाई खारेज गरि उपभोक्ता संरक्षण ऐन २०७५ जारी भएको छ । उपभोक्ता अधिकार संरक्षण तथा संम्बर्द्धनमा चालिएका प्रयासहरु, मानव अधिकार तथा उपभोक्ताको हक अधिकार, उपभोक्ता संरक्षण ऐन, २०७५ सम्बन्धमा स्थानीय निकायको प्रभावकारीता लगायतका स्थानीय समस्याहरु के के रहेका छन् र ती समस्या समाधानमा सरोकारवाला निकायहरुको भूमिका के कस्तो रहने भन्ने विषयमा अनुगमन तथा अन्तर्क्रिया गरिएको हो ।

सो क्रममा चितवन जिल्लामा सरकारी निकायबाट गरिएका केही अनुगमनहरुको प्रतिवेदन अनुसार सरकारी कर्मचारीका अलावा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल पत्रकार महासंघ सहितको अनुगमन टोलीले संयुक्त रुपमा महिनामा १/२ पटक हुने गरेको पाइयो । अनुगमन कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट हुने गरेको जानकारी पाइयो । महानगरका बजार क्षेत्र लगायत सबै नगरपालिकाका बजारमा अनुगमन नियमित हुने गरेको पाइयो । सरकारी निकायबाट भएका केही अनुगमनले केही व्यवसायीलाई नियमन गरेको पनि पाइयो । साथै, नेपाल सरकारबाट, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको अग्रसरतामा तेल, दुध र पानीमा शुद्धताको मात्रा बढाउन अनुगमनलाई महाअभियानको रुपमा संचालनमा ल्याएको भन्ने पाइयो ।

तथापी चितवन जिल्ला अर्न्तगत महानगर भित्र पर्ने सम्पूर्ण बजारहरु र अन्य नगरपालिकाहरुको अनुगमनको लागि महिनामा एक/दुई वटा व्यवसायीको फर्म तथा व्यवसाय अनुगमनले समग्र अवस्थामा सुधार ल्याउन कठिन देखिन्छ । उपभोक्ता संरक्षण ऐन २०७५ ले स्थानीय तहमा गाउँपालिका अध्यक्ष तथा नगरपालिकाको नगरप्रमुखको संयोजकत्वमा अनुगमन टोलीको व्यवस्था गरेको अवस्थामा स्थानीय तहलाई उपभोक्ता हित संरक्षणमा थप जिम्मेवार बनाउँदा सकारात्मक परिणाम पाउन सकिने देखिन्छ ।

उपभोक्ता संरक्षण ऐन २०७५ को सम्बन्धमा सर्वसाधरणमा अनविज्ञता देखियो । ऐनले व्यवस्था गरे अनुरुप नेपाल सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य निर्धारण गुणस्तर, नापतौल, लेवल, विज्ञापन आदिको नियमन गर्ने व्यवस्था रहेको छ । उत्पादकले उत्पादन गरेका वस्तुमा लेवल लगाउनु अनिवार्य गरेको छ । लेवलमा उत्पादकको नाम, ठेगाना र आयोगको दर्ता नम्बर, उत्पादन गरिएको वस्तुको मिश्रण, तत्व, परिमाण र तौल- वस्तु उपभोग गर्ने तरिका र वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट) लगायतका विवरण अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था छ ।

आम उपभोक्तासँग सरोकार राख्ने उपभोक्ता संरक्षण ऐन,२०७५ को भविष्य यसको प्रभावकारी कार्यान्वयनसँग जोडिएको छ । उपभोक्तालाई न्याय प्रदान गर्न विश्वव्यापी मान्यता र कानुनी प्रावधान समेतलाई मध्यनजर गरी औपचारिकता भन्दा कार्यान्वयनमा बढी जोड दिनु आवश्यक देखिन्छ । उपभोक्ता शिक्षा, जागरण अभियान तथा विद्यालय, विश्वविद्यालयको पाठ्यक्रममा समेत उपभोक्ता शिक्षालाई समावेश गरी गाउँ-गाउँमा चेतना अभिवृद्धि गराएमा मात्र वास्तविक रूपमा उपभोक्ता हित संरक्षण कानुनको कार्यान्वयन हुन सक्दछ । उपभोक्ता कानुन आम नागरिकको चुलोदेखि हरेक दिन लागु हुने विशेष कानुन भएकोले यसको कार्यान्वयनमा राज्यका जिम्मेवार निकाय, आम उपभोक्ता, उपभोक्ता हितसँग कार्य गर्ने गैरसरकारी सङ्घसंस्था, सबै निकायको जिम्मेवारी रहेको छ । सबै निकायको समन्वय र सहकार्यमा मौलिक हकको कार्यान्वयन भई आम उपभोक्ताले सहज न्यायमा पहुँच स्थापित हुनसक्ने छ ।

## आयोगद्वारा कारागार अनुगमन, क्षमता भन्दा बढी राखिएकोमा कैदी बन्दीलाई समस्या

राष्ट्रिय मानव अधिकार आयोगको प्रदेश नं. ३ कार्यालयलेमिति २०७५/०८/११ गते धादिङ र मिति २०७५/०८/१२ गते नुवाकोट जिल्ला कारगार अनुगमन गरेको छ ।

अनुगमनको क्रममा धादिङ र नुवाकोट दुवै जिल्लाका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिएको देखियो । दुवै कारागारमा सरसफाईको अवस्था राम्रो पाइयो । त्यस्तै कैदी बन्दीका लागि मनोरञ्नका सामाग्रीहरु टि.भी., चेस, भलिवल, लुडो, व्याटमिन्टन, क्यारम्बोर्ड, जिम, फुटवल लगायतका प्रशस्त व्यवस्थाहरु गरेको देखियो । परिवार तथा आफन्तहरुलाई सम्पर्क तथा भेटघाटको पनि दुवै कारागारमा राम्रो व्यवस्था मिलाईएको पाईयो । धादिङ र नुवाकोट कारागारमा कैदी बन्दीहरुले गहनाको काम गर्ने, मुडा तयार गरी आफ्नै जिल्ला तथा काठमाण्डौ विक्रि गरी केही मात्रमा आय आर्जन गर्ने गरेको समेत देखियो । दुवै कारागारमा कारागार प्रशासनबाट राम्रो सहयोग पाएको भन्ने जानकारी पाईयो । कैदी बन्दीहरुलाई आयमूलक कार्यमा लगाउनुका साथै विभिन्न विषयमा प्रशिक्षण दिनु पर्ने माग समेत कैदी बन्दीबाट आएको थियो ।

धादिङ जिल्ला कारागारमा महिलाहरुको लागि प्रयाप्त पानी सहितको शौचालय नभएकाले आफुहरु समस्यामा रहेको तथा तत्काल बिरामी भई उपचार गर्नु परेमा आफ्नै खर्चमा गर्नुपर्ने बाध्यता रहेकाले पैसा नहुँदा समस्या आएको गुनासो सुनियो । त्यस, विषयमा नुवाकोट जिल्ला कारागारमा स्वास्थ्यको कर्मचारी तथा तत्काल बिरामी भएमा कारागार प्रशासन आफ्नै खर्चमा उपचार गर्ने व्यवस्था भएकाले सो व्यवस्था धादिङ जिल्लामा पनि हुन सकेमा कमजोर व्यक्तिले पनि उपचार पाउने देखिन्छ ।

नुवाकोट जिल्ला कारागारका कैदी बन्दीहरु करीब ३५ जना यस्तो चिसो समयमा खुला आकाश मुनि रात बिताउन बाध्य रहेकाले तिनीहरुको तत्काल व्यवस्थापन गर्नपर्ने देखिन्छ । मूलुकी ऐन २०२० कार्यान्वयनमा हुँदा र कारागार ऐन, २०१९ को व्यवस्था अनुसार चालिस प्रतिशत सजाय भुक्तान गरेको व्यक्तिलाई सजाय मिनाह हुने व्यवस्था अनुसार ११ जनाको नाम तयार गरिएको तर नयाँ मूलुकी अपराध संहिता ऐन २०७४ आए पछि यो व्यवस्थामा स्पष्टता नभएको भन्ने गुनासो सुनिएकाले यस व्यवस्था बारेमा सरकारले स्पष्ट पार्नु पर्ने देखिन्छ ।

## महिला हिंसाको अवस्था सम्बन्धमा अनुगमन तथा अन्तरक्रिया सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला र ५ नं प्रदेश शाखा कार्यालय नेपालगञ्जको संयुक्त आयोजनामा मिति २०७५ मंसिर ९ गते हुम्लास्थित सिमकोट गाउँपालिकामा महिला हिंसाको अवस्था सम्बन्धमा अनुगमन तथा अन्तरक्रिया सम्पन्न भएको छ ।

सो अवसरमा महिला मानव अधिकार रक्षक सञ्जालका सदस्य, स्थानीय तहका महिला जनप्रतिनिधिहरु, महिला सुरक्षाकर्मी लगायतसँग आयोगको टोलीले अन्तरक्रिया तथा छलफल गरेको छ । अन्तर्राष्ट्रिय महिला हिंसा उल्मूलन दिवसको अवसरमा उक्त अनुगमन तथा छलफलको आयोजना गरिएको हो । अनुगमन तथा अन्तरक्रियाको क्रममा जिल्लामा महिला हिंसाका घटनाहरु घट्ने गरेका, घटना निरन्तररुपमा घटिरहने भएतापनि कानुनी कार्वाहीका लागि सरोकारवाला निकायमा उजुरी दर्ता नहुने र गाउँघरमा नै मिलापत्र हुने गरेका, महिला हिंसासँग जोडिएका अधिकाँस घटनाहरु मदिरा सेवनका कारण घट्ने गरेको पाइएको छ । उक्त अन्तरक्रिया कार्यक्रममा महिला मानव अधिकार रक्षक सञ्जालका सदस्य स्थानीय तहका महिला जनप्रतिनिधिहरु, महिला सुरक्षाकर्मी लगायत ३० जनाको सहभागिता रहेको थियो ।

## श्रमिक महिलाहरुको अधिकार सम्बन्धमा अनुगमन

राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं १, शाखा कार्यालय खोटङ्ले दिक्तेल, रुपाकोट, मझुवागढी नगरपालिकाका १, ३ र ४ वडास्थित ढुङ्गाखानी, सडक निर्माण, कृषी सम्बन्धी कार्यमा कार्यरत श्रमिक महिलाहरुको मानव अधिकार उपभोगको अवस्था सम्बन्धमा मिति २०७५ फागुन २२ देखि २४ गतेसम्म अनुगमन गरेको थियो। अनुगमनबाट समान काममा महिला श्रमिकहरुले रु ३०० र पुरुष श्रमिकहरुले रु ५०० पाउने गरेको तथ्य प्राप्त भयो। मानव अधिकारको बारेमा जनचेतनाको अभाव एवं पहिले देखि चलीआएको चलन महिलाहरुले मात्र परिवर्तन गर्न नसक्ने र यसलाई समाजले विभेदको रुपमा लिन नसकेको गुनासो महिला श्रमीकहरुबाट प्राप्त भयो। त्यसैगरी ढुङ्गाखानीमा कार्यरत गिट्टी कुट्ने श्रमिकहरुले अपनाउनुपर्ने सुरक्षाका न्यूनतम मापदण्डहरु, हातमा पञ्जा, आँखामा सुरक्षा सामग्रीहरुको प्रयोगसमेत नगरी जोखिमयुक्त रुपमा काम गरेको पाइयो ।

## आप्रवासी कामदारको हक सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अनुगमन

अन्तर्राष्ट्रिय आप्रवासन दिवस १८ डिसेम्बर, २०१८ को सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य श्री सुदिप पाठकज्यूको नेतृत्वमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको श्रम कक्ष, अध्यागमन कक्षहरु एवं अध्यागमन विभागको अनुगमन गरेको छ । अनुगमनको क्रममा वैदेशिक रोजगारमा जाने आप्रवासी श्रमिकहरुसँग, नागरीक उड्डयन प्राधिकरणका महाप्रवन्धक र अध्यागमन विभागका महा-निर्देशकसँग भेटघाट तथा छलफल गरेको थियो ।

अनुगमनका क्रममा फ्री टिकट फ्री भिसाको पूर्ण कार्यान्वयन भएको नपाइएको, आप्रवासी श्रमिकहरुमा दक्षताको कमी रहेको, वैदेशिक रोजगारमा जाने मुलुकको स्थानीय भाषा, कानून समेतको पर्याप्त ज्ञानको कमी रहेको पाईएको छ ।



नागरिक उड्डयन प्राधिकरणका महाप्रवन्धकसँग भेटघाट तथा छलफल गरी मानव अधिकार मैत्री व्यवहार गर्नुपर्ने समेत सुझाव दिइएको थियो ।

आप्रवासी नेपाली श्रमिकहरुको समस्या समाधान तर्फ नेपाल सरकारले प्राप्त गर्ने विप्रेषणको अनुपातलाई आधार मानी आप्रवासी श्रमिकहरुको हक अधिकार संरक्षणमा प्रभावकारी योजना तथा कार्यक्रमहरु ल्याउनु पर्ने, नेपालमै रोजगारीको अवस्था सिर्जना गर्नु पर्ने बिषयहरुमा आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो ।

## आयोगबाट यस अवधिमा भएका महत्वपूर्ण गतिविधिहरु

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने संवैधानिक दायित्व आयोगको रहेको छ। सोही दायित्व पूरा गर्ने क्रममा आयोगले मानव अधिकार अवस्थाको अनुगमन गर्ने, उजुरी ग्रहण, अनुगमन र अनुसन्धान गर्ने, अनुगमन र अनुसन्धानको विवरणका आधारमा नेपाल सरकारलाई सिफारिस गर्ने, मानव अधिकार शिक्षाको प्रवर्द्धन, वकालत र कानूनहरुको पुनरावलोकन लगायतका कार्यहरु आयोगबाट सम्पन्न हुँदै आएका छन् । यस अवधिमा आयोगका केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुबाट विभिन्न विषयमा ५५ वटा अनुगमनका कार्यहरु, ९२ वटा प्रवर्द्धनात्मक कार्यक्रमहरु, १ सय ८० फाइलहरुको अनुसन्धान भएका छन्। त्यसैगरी ४७ थान उजुरी आयोगका विभिन्न कार्यालयहरुमा दर्ता भएका छन् भने २१ वटा उजुरी जानकारीमा राखिएको र २ सयजना भन्दा बढी व्यक्तिहरुलाई प्रत्यक्ष र टेलिफोनमार्फत परामर्श प्रदान गरिएको छ । त्यसैगरी मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयहरुमा १३ वटा प्रेस विज्ञप्ति तथा नोटहरु आयोगबाट जारी भएका छन भने मंसिर ५ गते विस्तृत शान्ति सम्झौताका १२ वर्ष : मानव अधिकारको अवस्था सम्बन्धमा पत्रकार सम्मेलन सम्पन्न गरिएको थियो ।

प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत विशेष गरी स्थानीय निकायका जनप्रतिनिधिहरुलाई विवाद समाधान, मानव अधिकारमैत्री विकास निर्माण, मानव अधिकार शिक्षा अन्तर्गत बाल अधिकार, महिला अधिकार र मानव अधिकार लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन्। यस अवधिमा उपभोक्ता अधिकार, विकास र वातावरण, मानव बेचबिखन र महिला अधिकारको अवस्था सम्बन्धमा अनुगमन तथा अन्तरक्रिया, मौलिकहरुहरुको कार्यान्वयन सम्बन्धमा सातै प्रदेशमा प्रदेशस्तरीय र ललितपुरमा केन्द्रस्तरीय कार्यशाला गोष्ठी सम्पन्न भएका छन् । त्यसैगरी अस्पताल, कारागार लगायत विभिन्न आकस्मिक अनुगमन सम्पन्न गरिएका छन् ।

**आयोगका विभिन्न कार्यालयबाट मिति २०७५ मसिर, पुस, माघ र फागुन महिनामा भएका निर्णयको सिफारिस, तामेली, खारेज, टुंग्याई र पुनः पेश गर्ने विवरणः–**

**संख्या : थानमा**

| महिना | सिफारिस | | तामेली | खारेज | टुंग्याई | जम्मा फछ्र्यौट | पुनः पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | | |
| २०७५ मंसिर | १ | – | – | – | – | १ | ३ | ४ |
| २०७५ पुस | – | २ | ३८ | १ | – | ४१ | ३ | ४४ |
| २०७५ माघ | ४ | १ | ३० | ३ | – | ३८ | ३ | ४१ |
| २०७५ फागुन | – | ९ | ७६ | ३ | – | ८८ | २ | ९० |
| जम्मा निर्णय | ५ | १२ | १४४ | ७ | – | १६८ | ११ | १७९ |

# छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ सम्पन्न




राष्ट्रिय मानव अधिकार आयोगले छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ सम्पन्न गरेको छ । नेपालको सुदुरपश्चिम तथा मध्य पश्चिमका केही भागहरुमा कुप्रथाको रुपमा रहेको छाउपडी प्रथाका कारण महिला र किशोरीहरुलाई महिनावारी जस्तो प्राकृतिक र नियमित प्रक्रियालाई अपवित्र र अशुद्ध मानी घरबाहिर छाउगोठमा जोखिमयुक्त अवस्थामा बस्न बाध्य पारिन्छ । छाउगोठमा बस्नेक्रममा महिला तथा किशोरीहरुको सर्पदंशबाट मृत्यु हुने, बलात्कार र यौनजन्य हिंसामा पर्ने, बिरामी पर्ने लगायत जोखिमयूक्त अवस्थामा बस्नुपर्ने हुन्छ भने उनीहरुलाई दुध, दहि, घ्यु लगायत पोषिलो खानेकुराको अभावमा कुपोषणको शिकार हुने लगायतका समस्या भोग्नुपरेको अवस्था छ ।

महिला तथा किशोरीविरुद्ध हुने भेदभावपूर्ण व्यवहार, हिंसा र यसले निजहरुको समग्र विकासमा पारेको असरलाई पहिचान गरी कानून कार्यान्वयन गर्ने निकायलाई जवाफदेही बनाउने र छाउपडी कुप्रथाको अन्त्य गर्ने मुख्य उद्देश्यले छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ कार्यक्रमको आयोजना गरिएको थियो ।

राष्ट्रिय जाँचबुझका लागि आयोगका माननीय सदस्य मोहना अन्सारीको संयोजकत्वमा राष्ट्रिय महिला आयोगका सह-सचिव युवराज सुवेदी तथा नेपाल प्रहरी मानव अधिकार शाखाका प्रहरी नायब उपरीक्षक दिपक पोखरेल सदस्य रहेको ३ सदस्यीय छाउपडी सम्बन्धी राष्ट्रिय जाँचबुझ समिति गठन गरिएको थियो । उक्त टोलीको अन्य सदस्यहरुमा आयोगका कर्मचारी तथा विज्ञसमेत रहेका थिए ।

राष्ट्रिय जाँचबुझको क्रममा अछाम र दैलेख जिल्लामा आयोगको टोलीले अध्ययन, अनुगमन गर्नुका साथै दुवै जिल्लामा स्थानीय राजनीतिक दल, जनप्रतिनिधिहरु, सरकारी निकायका प्रमुखहरु, धामी झाँक्री लगायत विभिन्न धर्म गुरुहरु, नागरिक समाज, मानव अधिकारकर्मी, सञ्चाकर्मी लगायतको सहभागितामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको थियो । राष्ट्रिय जाँचबुझको सबै प्रक्रिया सम्पन्न गरी प्राप्त तथ्यहरुको आधारमा आयोगले अन्तिम प्रतिवेदनमार्फत संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह, गैरसरकारी संघ संस्थाहरु, नागरिक समाज, मानव अधिकारकर्मीहरुलाई देहायबमोजिमको सिफारिस गरेको छ ।

**१.संघीय सरकारलाई**

१.१ धर्मको आडमा किशोरी-महिला विरूद्धको छाउपडी प्रथालाई निरन्तरतादिनु भनेको अप्रत्यक्ष रूपमा किशोरी-महिलाको यौनिकता र प्रजनन् शक्तिमा नियन्त्रण कायम गर्नु हो । यस्तो प्रकारको नियन्त्रणले किशोरीहरुको आत्मसम्मानका साथ जीउन पाउने अधिकार, हिड्डुल गर्ने स्वतन्त्रताको अधिकार,

शिक्षा, स्वास्थ्य, आर्थिक स्वतन्त्रताको अधिकार हनन् गर्ने र यस्ता विभेदले यौनिकता र प्रजनन् अधिकारको प्रयोगलाई कटौती गर्ने भएकाले यस विषयमा क्रियाशील सम्बन्धित सबै विशेष गरी राज्य अधिकारमुखी दृष्टिकोणबाट जवाफदेही बन्न, बनाउन,

१.२ छाउपडी प्रथा अन्त्यका सम्बन्धमा नेपालको संविधान तथा अन्य प्रचलित कानुनले व्यवस्था गरेका प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्न, गराउन,

१.३ छाउपडी प्रथा अन्त्य गर्नका लागि मुलुकी अपराध संहिता ऐन २०७४ को व्यवस्था कार्यान्वयन र छाउपडीबाट पीडितको सुरक्षा, क्षतिपूर्ति, उजुरीकर्ताको संरक्षण, मनोसामाजिक परामर्श, पुनर्स्थापना जस्ता पीडितको न्यायमा पहुँचका पूर्व शर्तहरु सम्बोधन गर्ने तर्फ मुलुकी अपराधसंहिता ऐन २०७४को दफा १६८ यथोचित संशोधन गरी प्रभावकारी बनाउन,

**२. प्रदेश सरकार/स्थानीय तहलाई**

२.१ छाउपडी बढी प्रभावित जिल्ला क्षेत्र र स्थानीय तहमा प्राथमिकताका साथ चेतनामूलक कार्यक्रम सञ्चालन गर्न, गराउन,

२.२ महिला एवम किशोरीलाई छाउपडी अवस्थामा गरिने अमानवीय र क्रूर व्यवहार कानुन बमोजिम निषेधित भएकोले यस्तो कार्य गर्नेलाई नेपाल प्रहरीले कानुनी कारवाहीको दायरामा ल्याउन,

२.३ स्थानीय तहले नेपाल प्रहरी सँगको संयोजनमा छाउपडी पीडितलाई उद्धार गरी सुरक्षित बासको व्यबस्था गर्न, गराउन,

२.४ छाउपडी प्रथा अन्त्यका लागि राजनीतिक दल र जनप्रतिनिधिहरूले यसलाई आफ्नो दलको राजनीतिक मुद्दा बनाई यस प्रथाले लैङ्गिक राजनीतिमा र मानव अधिकारमा पार्ने प्रभावको विषयमा रचनात्मक सार्वजनिक बहस चलाउनका लागि नागरिक समाज तथा राजनीतिक दललाई प्रेरित गर्न,

**३. गैरसरकारी संघसंस्थाहरू/नागरिक समाज/मानव अधिकारकर्मीलाई**

३.१ गैरसरकारी संस्थाहरु, नागरिक समाज र मानव अधिकारकर्मीहरुले छाउगोठ भत्काउने कार्यमा जोडदिएको देखिन्छ तर ती संघसंस्थाहरुले आमा समूह, सासू, स्वास्थ्य स्वयम्सेवी, अनमी / स्वास्थ्यकार्यकर्ता / मानवअधिकारकर्मी जस्ता परिवार र समाजलाई प्रत्यक्ष प्रभाव पार्ने समुदायलाई छाउपडी बिरुद्ध क्षमता अभिवृद्धि र जनचेतना सम्बन्धी कार्यक्रम संचालन गर्न, गराउन,

३.२ स्थानीय रेडियो तथा एफ. एम. कार्यक्रमबाट छाउपडी कुप्रथा हो, कानूनी अपराध पनि हो, यसको अभ्यास गर्नेलाई कानुनी सजाय हुन्छ भन्ने प्रकृतिका सन्देशमूलक जानकारी स्थानीय भाषामा प्रसारित गर्न, गराउन,

३.३ छाउपडी मुक्त गाउँ घोषणा गर्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गर्ने र छाउपडी प्रथा नियन्त्रण गर्न सहयोग गर्ने सामाजिक अभियन्तालाई पुरस्कारको व्यवस्था गर्न, गराउन,

३.४ राजनीतिक नेतृत्व र स्थानीय जनप्रतिनिधिहरुले छाउपडी प्रथा उन्मूलनका लागि तदारुकताका साथ कानुनको कार्यान्वयन गरी महिलाको मानव अधिकारको सुनिश्चितता गर्न, गराउन । साथै, छाउपडी प्रथाको अन्त्य सम्बन्धी आयोगले मिति २०७५/२/२० मा तहाँ कार्यालयलाई पठाएको सिफारिसको प्रभावकारी कार्यान्वयन गर्न गराउनुहुन समेत निर्णयानुसार अनुरोध गरिन्छ ।

## ७०औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस भव्यताका साथ मनाइयो

राष्ट्रिय मानव अधिकार आयोगद्वारा ७०औं अन्तर ाष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्बर) विभिन्न कार्यक्रमहरु गरीभव्यताका साथ सम्पन्न गरियो । ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मूल समारोह समितिको आयोजनामा २०७५ मंसिर १० गते सम्पन्न र्‍यालीमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा, माननीय सदस्य मोहना अन्सारी, सचिव वेद भट्टराई लगायत आयोगका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

डिसेम्बर १० को अवसरमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा आयोजित औपचारीक कार्यक्रममा सम्माननीय प्रधानमन्त्री केपी शर्मा वली प्रमुख अतिथि रहनु भएको थियो । आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन राष्ट्रिय मानव अधिकार आयोगका उपनिर्देशक हरि प्रसाद ज्ञवलीले गर्नुभएको थियो ।




कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीले मन्तव्य राख्दै, “कुनैपनि संस्थाको कोही व्यक्तिले गल्ती गर्‍यो भने सजायको भागी हुन्छ । तर सिंगो संस्था नै दोषी हुँदैन । संस्थालाई दोष लगाउन मिल्दैन । संस्था कसरी काम गरीरहेको छ हामीले हेर्नुपर्दछ। संस्थाले भरसक ठीक ढङ्गले काम गरीरहेको छ। मानिस पीडित हुनु मानिसबाट, दीदी बहिनी पीडित हुनु दाजुभाइबाट, यो अत्यन्त अशोभनीय अवस्था हो । मानवोचित कुरा होइन । यो कुरा हामीले हाम्रो समाजलाई बुझाउन सक्नुपर्छ। कानुन कार्यान्वयन गर्नुपर्दछ। त्यसैले प्रहरी, कानून, जेल सबैकुरा चाहिन्छ । सरकार कानून कार्यान्वयन गर्न, अपराध भरसक हुन नदिन, भएमा छानविन गर्न, दोषीलाई कानूनी दायरामा ल्याउन र सजायको भागीदार बनाउन, पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन र न्याय प्रदान गर्न प्रतिबद्ध छ” भन्ने भनाइ राख्नुभयो ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले “मानव अधिकारको मूल दस्तावेजको रुपमा रहेको मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ जारी भएको दिनको सम्झनामा हरेक वर्ष विश्वभरीका मानव अधिकारको क्षेत्रमा क्रियाशील क्षेत्र तथा समुदायले मनाउँदै आएको बताउनु भयो। स्वतन्त्रता, समानता, मर्यादा र सम्मानपूर्वक बाँच्न पाउने मानवका नैसर्गिक अधिकारहरुको उपभोग गर्न कसैले बन्देज गर्न सक्दैन भन्ने विषयलाई स्मरण गर्दै आजको यस शुभ दिनमा विश्वले दिवसको रुपमा मनाउँदै आएको बताउनुभयो। साथै, संघ, प्रदेश र स्थानीय तह समेतको निर्वाचन सम्पन्न भई तीनै तहका सरकार स्थापना भएको अवस्थामा मानव अधिकारका विषयहरुलाई सबै तहका सरकारले अंगीकार गरी मानव अधिकारमैत्री कानून र संरचना निर्माणमा जोड दिनुपर्ने भनाई उहाँले राख्नुभयो। कार्यक्रममा संयुक्त राष्ट्रसंघीय आवसीय प्रतिनिधि भ्यालरी जुलियाण्ड, १० औं मानव अधिकार राष्ट्रिय महाभेलाका संयोजक, नरेन्द्र खतिवडाले मानव अधिकार दिवसको अवसरमा शुभकामना मन्तव्य राखेका थिए ।




कार्यक्रममा माननीय उपसभामुख, पूर्व सभामुख, संसदीय समितिका मानीय सभापति, सर्वोच्च अदालतका माननीय न्यायाधिशहरु, संवैधानिक अंगका प्रमुखहरु, नेपाल सरकारका माननीय मन्त्रीहरु, संवैधानिक अंगका सदस्यहरु, नेपाली सेनाका प्रधान सेनापति, नेपाल सरकारका सचिवहरु, नेपालस्थित विदेशी राजदूतहरु, नेपाल प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी महानिरीक्ष, उच्च अदालतका न्यायाधिशहरु, गैरसरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

# ७० औं अन्र्राष्ट्रिय मानव अधिकार दिवस तथा पेरिस सिद्धान्तको २५ औं वर्षगाँठको अवसरमा सातै प्रदेशमा कार्यक्रम सम्पन्न




राष्ट्रिय मानव अधिकार आयोगले ७० औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसेम्बर १० तथा सन् १९९३ मा जारी भएको पेरिस सिद्धान्तको २५ औं वर्षगाँठको सन्दर्भ पारी मुलुकका सात वटै प्रदेशमा मौलिक हकहरुको कार्यान्वयनमा प्रदेश सरकार तथा प्रदेश सभाको भूमिका विषयक कार्याशाला गोष्ठि सम्पन्न गरेको छ ।

प्रदेश सभाका विभिन्न समितिका माननीय सभासद तथा पुर्व सभासदहरुलाई मानव अधिकारमैत्री ऐन, कानुन बनाउन एवं त्यसका लागि विभिन्न सरोकारवालाहरुको अधिकार र दायित्व बोध गराउने तथा प्रदेश सरकार, स्थानीय निकाय, गैरसरकारी संघ संस्था, नागरिक समाज, विभिन्न पेशागत संघ संगठन लगायतका पक्षहरुको मानव अधिकार संरक्षण तथा सम्बर्द्धनमा हुने भुमिका सम्बन्धमा सचेतिकरण गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको थियो । उक्त सन्दर्भमा प्रदेश नं. १ विराटनगरमा मंसिर १३ गते, प्रदेश नं. २ मा मंसिर १५ गते र प्रदेश नं. ३ हेटौडामा मंसिर १७ गते पहिलो चरणमा कार्यक्रमहरु सम्पन्न भए भने दोस्रो चरणमा मंसिर २६ गते प्रदेश नं. ५ बुटलमा, २८ गते प्रदेश नं.४ पोखरामा, पुस २ गते प्रदेश नं. ६ सुर्खेतमा र पुस ४ गते प्रदेश नं. ७ धनगढीमा गरि सबै प्रदेशहरुमा कार्यक्रम सम्पन्न भएको थियो । त्यसै गरि काठमाडौंमा पुस १३ गते माननीय गृहमन्त्री रामबहादुर थापा बादलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा व्यवस्थापिका संसद तथा संसदीय समितिका माननीय सभापति तथा सदस्यहरु, संघीय सरकाका विभिन्न मन्त्रालयका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज र मानव अधिकारकर्मी, सञ्चारकर्मीहरु र आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रमहरु राष्ट्रिय मानव अधिकार आयोग, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम अन्तर्गतका संसदीय सहयोग कार्यक्रम र रणनीतिक योजना सहयोग परियोजना र प्रदेश सरकारको संयुक्त आयोजनामा सम्पन्न गरिएका थिए । प्रदेशस्तरीय कार्यक्रममा प्रदेश सरकारका मुख्यमन्त्रीको प्रमुख आतिथ्यतामा वा प्रदेश स्तरका माननीय मन्त्रीहरु तथा प्रदेशसभाका माननीय सभामुखको बिषेश आतिथ्यतामा सम्पन्न भएका थिए ।

# राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगबीच अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगका कर्मचारीहरुवीच मिति २०७५/११/०२ गते अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भयो । राष्ट्रिय मानव अधिकार आयोगका सचिव वेद भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय महिला आयोगका सचिव अनिल ठाकुरले कार्यक्रमको उद्देश्यमाथी प्रकाश पार्नुभयो । मानव अधिकारको संरक्षण र संवर्द्धनमा दुबै संवैधानिक आयोगहरुले के कसरी काम कारवाही गरिरहेका छन् र यो कार्यलाई अझै कसरी चुस्त दुरुस्त बनाउन सकिन्छ भन्ने बिषयमा दुबै आयोगका कर्मचारीहरुवीच ब्यापक छलफल भएको थियो। सो क्रममा महिला हिंसाका घटनाहरु बढी रहेको सन्दर्भमा दुवै आयोगवीच समन्वय र सहकार्य गर्न आवश्यक

रहेको, राष्ट्रिय महिला आयोगमा कानुन शाखा, प्रसाशन शाखा, लगायतका शाखाहरु रहेता पनि हाल सम्म अन्तर्राष्ट्रिय जगत संग समन्वय गरेर कार्यहरु गर्न नसकिरहेको लगायतका विषय सहभागीहरुले उठाएका थिए। मानव अधिकार संरक्षण र संवर्द्धनमा दुवै आयोगबाट हुँदै आएका कार्यहरु सम्बन्धमा अनुभव आदानप्रदान गर्ने एवं आगामी दिनमा महिला अधिकारको संरक्षण र संवर्द्धनको कार्यमा दुवै आयोगवीच प्रभावकारी भुमिका निर्वाह गर्न आवश्यक समन्वय र सहकार्य गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका सहसचिव श्री युवराज सुवेदी, मानव अधिकार आयोगका निर्देशक मुरारी प्रसाद खरेल, डा. टीकाराम पोखरेल, सम्झना शर्मा लगायत दुवै आयोगका महाशाखा प्रमुखहरुको उपस्थिती रहेको




थियो। कार्यक्रमको सहजिकरण तथा कार्यक्रमको संचालन लैङ्गिक तथा सामाजिक समावेशिकरण महाशाखाका प्रमुख, उप-निर्देशक श्री मन्जु खतिवडाले गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका १० जना तथा राष्ट्रिय महिला आयोगका १० जना कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## जातीय भेदभाव तथा छुवाछुत विरुद्धको अधिकार सम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न




राष्ट्रिय मानव अधिकार आयोगले राष्ट्रिय दलित आयोग र दलित गैरसरकारी संस्था महासंघको समन्वय तथा संयोजनमा मिति २०७५ पुस १९ र २० गते प्रदेश नं. २ को जनकपुरमा जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार सम्बन्धी प्रादेशिक सम्मेलन सम्पन्न गरेको छ।

उक्त कार्यक्रम दलितहरुको हक अधिकार संरक्षणमा सहयोग पुग्ने उद्देश्यले आयोगद्वारा आयोजना गरिएको हो । सम्मेलनको उद्घाटन आयोगका माननीय सदस्य श्री प्रकाश वस्तीको विषेश उपस्थितिमा सम्पन्न भएको थियो। उद्घाटनको कार्यक्रममा प्रदेश नं. २ का मुख्य मन्त्री श्री लालबावु राउत प्रमुख अतिथि रहनुभएको थियो भने विषेश अतिथिमा सामाजिक विकास मन्त्री, प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता, प्रदेश सांसदहरु तथा अतिथिहरुमा राजनीतिक दल, विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधी, पत्रकारहरु, नागरिक समाज, सहित यस प्रदेश अन्तर्गतका आठै जिल्लाहरु धनुषा, महोत्तरी, सर्लाही, सिरहा, सप्तरी, बारा, पर्सा, रौतहटका दलित अधिकारको क्षेत्रमा क्रियाशील प्रतिनिधीहरु समेतको सहभागीता रहेको थियो । सम्मेलनमा विभिन्न विषयगत सत्रहरुमा छलफल भई १७ बूँदे जनकपुर घोषणा पत्र जारी गरिएको थियो ।

## स्वास्थ्य स्वयम् सेविकाहरुलाई मानव अधिकार सम्बन्धी तालीम

राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा मिति २०७५ पुस २६ र २७ गते उदयपुरको गाइघाटमा स्थानीय स्वास्थ्य स्वयम् सेविकाहरुलाई मानव अधिकार र स्वास्थ्य सम्बन्धी तालीम सम्पन्न भएको छ।

तालीममा स्वास्थ्यको अधिकारको संरक्षणमा स्वास्थ्य स्वयम सेविकाहरुको भूमिका एवं नेपाल सरकारको भूमिका, स्वास्थ्य अधिकारको संरक्षण र प्रवर्द्धनमा स्थानीय नगरपालिकाबाट भएका विभिन्न कार्यहरु, राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार, मानसिक स्वास्थ्यको अधिकारको क्षेत्रमा आयोगबाट भएका प्रयासहरु, मानव अधिकार उल्लंघन र अपराधवीचको फरक लगायतका विषयमा सहभागीहरुलाई प्रशिक्षण दिइएको थियो। सोक्रममा स्वास्थ्यको अधिकार मानव अधिकारको विषय हो भन्ने जानकारी नभएको र मानव अधिकार

सम्बन्धी कुनैपनि तालीम प्राप्तगर्ने अवशर नपाएको सहभागीहरुले गुनासो गरे । स्वास्थ्य स्वयम् सेविकाहरुलाई मानव अधिकार सम्बन्धी शिक्षा सँगै स्वास्थ्य सम्बन्धीनयाँ-नयाँ विषयहरुमा समय समयमा जानकारी गराउने तालीम तथा अभिमुखीकरण गराइनुपर्ने माग गरे । आफूहरुले हालसम्म मानव अधिकार सम्बन्धी तालीम लिने अवशर प्राप्त नगरेको गुनासो गरे । यस तालीमबाट प्राप्त मानव अधिकारको अवधारणा, राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार लगायतको ज्ञानले आगामि दिनमा काम गर्ने क्रममा आइपर्ने समस्याहरुलाई मानव अधिकार आयोगसँग सल्लाह र सुझाव समेत प्राप्त गर्ने अपेक्षा रहेको बताए ।

तालीममा त्रियुगा नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट प्रतिनिधित्व हुने गरी ४० जना स्वास्थ्य स्वयम् सेविकाहरुको सहभागिता रहेको थियो ।

## आयोगद्वारा वृद्धाश्रम, कल्पबास, दिवासेवा केन्द्र तथा स्याहार केन्द्रहरुको अध्ययन

जेष्ठ नागरिकका मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा आयोगले विशेष चासो दिई देशभरीका वृद्धाश्रम, कल्पबास, दिवासेवा केन्द्र तथा स्याहार केन्द्रहरुको अध्ययन गरेको छ । जेष्ठ नागरिकहरुमध्ये पनि वृद्धाश्रम (हेरचाह केन्द्र) मा बस्ने र दिवा सेवा केन्द्रमा आवद्ध व्यक्तिहरुका अधिकारलाई केन्द्रमा राखी आयोगले २०७४ साल चैत ४ गतेदेखि अध्ययन प्रारम्भ गरेको थियो । अध्ययनको क्रममा विभिन्न जिल्लामा गई केन्द्रहरु अनुगमन गर्ने, त्यहाँ बस्ने व्यक्तिहरुको समस्या बुझ्ने, सञ्चालक, मानव अधिकारकर्मी र सरकारी निकायसँग समेत छलफल गरेको थियो । सातै प्रदेशमा सो क्षेत्रका केन्द्र संचालक, मानव अधिकारकर्मी र सरकारी पदाधिकारीसँग अन्तर्क्रिया सम्पन्न गरेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोगबाट विशेषगरी केन्द्रहरुमा सम्बद्ध जेष्ठ नागरिकहरुको मानव अधिकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम न्यूनतम् सेवा सुविधा उपभोगको अवस्था एवं स्याहार केन्द्रहरुको भौतिक अवस्था सम्बन्धमा अनुगमन गरी सोको आधारमा नेपाल सरकार तथा अन्य सरोकारवाला निकायलाई सिफारिस गर्ने उद्देश्यले उक्त अध्ययन गरिएको हो ।

अनुगमनको क्रममा पारिवारिक कलह र विखण्डन, समाजमा नैतिक शिक्षाको ह्रास, चेतनाको अभाव, जिम्मेवारीबोधको अभाव, पुस्तागत द्वन्द्व, एकान्त र धार्मिक स्थलको खोजिका कारण स्वैच्छिक रोजाई आदिका कारण जेष्ठ नागरिकहरु वृद्धाश्रममा पुग्ने गरेको पाइएको छ । वृद्धाश्रममा रहेका अधिकांश जेष्ठ नागरिकहरु कुनै न कुनै पारिवारिक, मनोवैज्ञानिक तथा सामाजिक समस्या र शारीरिक रोगबाट पीडित छन् । उमेरका कारण असक्तता, उचित खानपानको अभाव, स्वास्थ्यमा देखिने समस्या, पारिवारिक र मानवीय व्यवहारको कमी, माया प्रेमको अभव, कतिपयले नागरिकता प्राप्त गर्न नसक्नु, समाजविहीन एक्लो जीवन बाँच्नुपर्ने बाध्यता आदि वृद्धाश्रममा रहेका जेष्ठ नागरिकका समस्या पाइएका छन् । वृद्धाश्रममा बस्नुपर्ने कारणमा परिवार नहुनु र भए पनि पारिवारिक स्नेह र सम्मान नहुनु रहेको पाइएको छ । जेष्ठ नागरिकलाई परिवारका सदस्य कसैले समय नदिनु पनि अर्को कारण रहेको छ ।

आयोगको अध्ययनको क्रममा जेष्ठ नागरिकको नाममा गरिएको लगानी प्रभावकारी रुपमा लक्षित वर्गमा पुर्‍याउन नेपाल सरकारको ठोस नीति र कार्यक्रमको अभाव रहेको पाइएको छ । जेष्ठ नागरिकको हितमा अनुदान वितरण र लगानी स्वागतयोग्य भएपनि पारदर्शी हुन नसक्दा समस्या देखिएको छ । खासगरी दिवा सेवा केन्द्रहरुमा सरकारको लगानीको सदुपयोग हुन नसकेको पाइयो । स्वयम्सेवाका उद्देश्यले सञ्चालित केन्द्रहरुमा तुलनात्मक रुपमा व्यवस्थापन राम्रो भएपनि व्यापारिक, व्यावसायिक र देखासिकी रुपमा सञ्चालित केन्द्रहरुको सञ्चालनमा भने बढी समस्या रहेको पाइयो । त्यसैगरी दिवासेवा केन्द्रमा पुरुषको र वृद्धाश्रममा महिलाहरुको संख्या बढी रहनु, तराइ मूलका जेष्ठ नागरिकको संख्या अत्यन्त कम पाइनु छुट्टै अध्ययनको विषय बनेको देखिन्छ । देशभरिमा ९६५ महिला र ६१२ पुरुष गरी जम्मा १५७७ जना वृद्धाश्रममा रहेको पाइएको छ । देशका ४५ जिल्लामा वृद्धाश्रम (हेरचाह केन्द्र) को संख्या ८७ छ भने २२ वटा वृद्धाश्रम निर्माणाधीन छन् । प्रदेश नं. १ मा ११ जिल्ला, प्रदेश नं. २ मा ५ जिल्ला, प्रदेश नं. ३ मा ७ जिल्ला, गण्डकी प्रदेशमा ८ जिल्ला, ५ नं. प्रदेशमा ८ जिल्ला, कर्णाली प्रदेशमा २ र सुदूरपश्चिम प्रदेशमा ४ जिल्लामा वृद्धाश्रम संचालित छन् । १ जिल्लामा १ भन्दा बढी पनि वृद्धाश्रम रहेको पाइएको छ ।

आयोगका माननीय सदस्य प्रकाश वस्तीको संयोजकत्वमा

उक्त अनुगमन तथा अध्ययन गरिएको थियो । आयोगको अनुगमन र अध्ययनबाट प्राप्त तथ्य, विश्लेषण र निष्कर्षको आधारमा आयोगले संघीय, प्रदेश र स्थानीय सरकार, वृद्धाश्रम सञ्चालकहरु, नागरिक समाज, घर परिवार, चन्दादाता, सहयोगी र सरोकारवालाहरुलाई सिफारिस गरेको छ ।

## राष्ट्रिय मानव अधिकार आयोग नेपाल पुन "ए" ग्रेडको मान्यता प्राप्त गर्न सफल

राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्व संगठन Global Alliance of National Human Rights Institution (GANHRI) अन्तर्गतको उप समिति Sub Committee on Accreditation (SCA) ले राष्ट्रिय मानव अधिकार आयोग नेपाललाई पुन "ए" ग्रेडको संस्थाको रुपमा मान्यता दिने निर्णय गरेको छ । सन २०१९ मार्च ११ देखी १५ सम्म सम्पन्न सम्मेलनले राष्ट्रिय मानव अधिकार आयोग नेपाललाई उक्त श्रेणीको संस्थाको रुपमा मान्यता दिएको हो ।

राष्ट्रिय मानव अधिकार आयोग नेपाल यसको स्थापना कालदेखि नै निरन्तर "ए" ग्रेडको राष्ट्रिय मानव अधिकार संस्थाको रुपमा रहि आएकोमा यस पटक पनि पुन "ए" ग्रेडकै संस्थाको रुपमा आफुलाई उभ्याउन सफल भएको छ । GANHRI अन्तर्गतको उप समिति SCA ले पेरिस सिद्धान्तका मुल्य मान्यताहरु "स्वायत्तता, स्वतन्त्रता, प्रभावकारी सांगठनिक संरचनाका साथै मानव अधिकारको संरक्षण र प्रबर्द्धनमा खेल्ने भुमिका" का आधारमा विश्वका राष्ट्रिय मानव अधिकार संस्थाहरुलाई श्रेणीगत विभाजन गर्ने गर्दछ । सोही आधारमा राष्ट्रिय मानव अधिकार आयोग नेपालले पेरिस सिद्धान्तका मुल्य मान्यताहरु सँग नजिक रही मानव अधिकारको संरक्षण, प्रबर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकोमा पुन "ए" ग्रेडको राष्ट्रिय मानव अधिकार संस्थाको मान्यता प्राप्त गर्न सफल भएको हो ।

## शिवालय गाउँपालिकाका जनप्रतिनिधिहरुलाई मानव अधिकार अभिमूखिकरण सम्पन्न



राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला र ५ नं प्रदेश शाखा कार्यालय नेपालगञ्जको संयुक्त आयोजनामा मिति २०७५/०९/१८ गते जाजरकोट जिल्ला शिवालय गाउँपालिकामा स्थानीय तहका जनप्रतिनिधिहरुलाई मानव अधिकार सचेतना तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरुलाई न्यायिक समितिको काम कर्तव्य र अधिकार, मानव अधिकारमूखी विकास पद्ती र राष्ट्रिय मानव अधिकारको काम कर्तव्य र अधिकारका बारेमा अभिमुखिकरण गरिएको थियो । उक्त कार्यक्रममा शिवालय गाउँपालिकाका अध्यक्ष नरेन्द्रकुमार शाही, ५ वडाका वडाअध्यक्षहरु, महिला तथा दलित महिला सदस्यहरु, कार्यपालिकाका सदस्यहरु, स्वास्थ्य चौकीका स्वास्थ्य कार्यकर्ता लगायत ४५ जनाको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण राष्ट्रिय मानव अधिकार आयोग ५ नं प्रदेश शाखा कार्यालय नेपालगञ्जका प्रमुख चन्द्रकान्त चापागाई र कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाका निमित्त उपनिर्देशक रमेश कुमार थापाले गर्नु भएको थियो ।

# सिमकोट गाउँपालिकाका जनप्रतिनिधिहरुलाई मानव अधिकार अभिमूखिकरण कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला र ५ नं प्रदेश शाखा कार्यालय नेपालगञ्जको आयोजनामा मिति २०७५ मंसिर ८ गते हुम्लास्थित सिमकोट गाउँपालिकाका जनप्रतिनिधिहरुका लागि मानव अधिकार अभिमूखिकरण कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा सिमकोट गाउँपालिकाका अध्यक्ष पदम बहादुर लामा, उपाध्यक्ष बलि रावत, १ नं वडा अध्यक्ष तारा बहादुर लामा सहित ७ वटै वडाका वडाअध्यक्षहरु, न्यायिक समितिका सदस्यहरु र महिला सदस्यहरुको सहित ३३ जनको सहभागिता रहेको थियो। अभिमूखिकरण कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग ५ नं प्रदेश शाखा कार्यालय नेपालगञ्जको कार्यालय प्रमुख चन्द्रकान्त चापागाईले स्थानीय शासन संचालन ऐन र न्यायीक समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा र कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाका कार्यालय प्रमुख रमेशकुमार थापाले मानव अधिकारको अवधारणा, मूल्य मान्यता र सिद्धान्त र आयोगको काम कर्तव्य र अधिकारका सम्बन्धमा सहजिकरण गर्नुभएको थियो।

# माननीय अध्यक्ष तथा सदस्यहरुबाट गरिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वपूर्ण भेटघाट तथा छलफलहरु

- अन्तर्राष्ट्रिय श्रम संगठन (आइ. एल. ओ.) का नेपाल प्रतिनिधि लगायतको समूहसँग आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा, माननीय सदस्य सुदिप पाठक र आप्रवासी कामदारको अधिकारका फोकल अधिकृत कमल थापा क्षेत्री सहित आप्रवासी कामदारको अधिकार समबन्धमा मिति २०७५/१०/१७ गते छलफल भएको थियो।
- राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा मिति २०७५/१०/१८ गते आयोजित संक्रमणकालिन न्यायको अवस्था सम्बन्धी छलफल कार्यक्रमको अध्यक्षता आयोगका माननीय अध्यक्ष अनूप राज शर्माबाट भएको थियो। उक्त कार्यक्रममा माननीय कानूनमन्त्री भानुभक्त ढकाल, माननीय महान्यायाधिवक्ता, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव रमेश ढकाल, वेपत्ता आयोगका सचिव, सत्यनिरुपण तथा मेलमिलाप आयोगका सचिव लगायत सरोकारवाला मानव अधिकारकर्मी, द्वन्दपीडित, सञ्चारकर्मी एवं आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो।
- मिति २०७५/१०/२८ गते आयोगका माननीय अध्यक्ष अनूप राज शर्मा र मानव अधिकारकर्मी चरण प्रसाईंवीच संक्रमणकालीन न्यायको सन्दर्भमा छलफल भएको थियो।
- मिति २०७५/११/७ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेकद्वारा आयोजित वर्ष पुस्तक विमोचन कार्यक्रममा आयोगका माननीय अध्यक्ष अनूपराज शर्माबाट प्रमुख अतिथिको असन ग्रहण गर्नुहुँदै वर्ष पुस्तक विमोचन गरिएको थियो।
- नेपाल कानून समाजद्वारा मिति २०७५/११/११ गते आयोजित स्वतन्त्र न्यायपालिका र कानूनको शासन विषयक कार्यक्रममा उपस्थित भई मन्तव्य दिनुभएको थियो।
- आइ.सी.आर.सी. र काठमाडौं स्कूल अफ ल द्वारा मिति २०७५/११/१२ गते आयोजित अन्तर्राष्ट्रिय मानवीय कानूनको ३३ औं प्रशिक्षण कार्यक्रमको समुद्घाटन सत्रमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले प्रमुख अतिथिको आतिथ्यता ग्रहण गर्नुहुँदै मन्तव्य व्यक्त गर्नु भएको थियो।
- मिति २०७५/११/१८ गते आयोजित बालिका बेचविखन विरुद्धको राष्ट्रिय सञ्जालद्वारा तयार पारिएको "Transforming social norms for combating trafficking in girls and women" नामक प्रतिवेदन आयोगका माननीय अध्यक्ष अनूपराज शर्माले लोकार्पण गर्नुभएको थियो।

- मिति २०७५/८/६ गते आयोगद्वारा सञ्चालन गर्न लागिएको जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि देशव्यापी अभियान सम्बन्धमा विभिन्न धर्म गुरुहरुसँग आयोगमा छलफल भयो । उक्त छलफलमा आयोगका माननीय सदस्य प्रकाश वस्ती, आयोगका सचिव वेद भट्टराई, विश्वहिन्दु महासंघका अध्यक्ष रामचन्द्र अधिकारी, अर्न्तधार्मिक परिषद्का अध्यक्ष दामोदर गौतम, सचिव केशवप्रसाद चौलागाईं, अस्सलाम सोसाइटीका अध्यक्ष नजरुल हुसेन, इसाइ समुदायका अध्यक्ष ईसुजंग कार्की, निश्न नेपालका सदस्य रोश्नी कर्माचार्य, दलित गैरसरकारी संस्था महासंघका निवर्तमान अध्यक्ष गजाधर सुनार, महासचिव जयबहादुर विश्वकर्मा, कोषाध्यक्ष जीतेन्द्र पासवान लगायतको उपस्थिति रहेको थियो ।
- मिति २०७५/९/६ गतेकाठमाडौं उपत्यका लगायतका स्थानमा बढ्दै गएको वातावरण प्रदुषण सम्बन्धमा छलफल सम्पन्न भयो । आयोगमा आयोजित उक्त छलफलमा आयोगका माननीय सदस्य सुदिप पाठक, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालय र वातावरण विभागका उच्च अधिकृतहरु आयोगका निर्देशक, उपनिर्देशक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको वार्षिक बैठकमा आयोगको सहभागिता



राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष अनुप राज शर्मा नेतृत्वको उच्चस्तरीय टोली मिति २०७५ फागुन २० देखि २३, तदनुसार मार्च ४-७, २०१९ सम्म स्वीजरल्याण्डको जेनेभामा आयोजना भएको राष्ट्रिय मानव अधिकार आयोगहरुको विश्वव्यापी सञ्जाल Global Alliance of NHRIs (GANHRI) को वार्षिक वैठकमा सहभागी भई स्वदेश फर्केको छ ।

सो अवसरमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले Election Monitoring by NHRIs सम्बन्धी विषयमा प्रमुख वक्ताको रुपमा मन्तव्य राख्दै नेपालमा गरिएको निर्वाचन अनुगमनको प्रकृया, चुनौति र असल अभ्यासको अनुभव सम्बन्धमा प्रकाश पार्नुभएको थियो । वहाँले निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचन पश्चात् गरी तीन चरणमा आयोगद्वारा गरिएका गतिविधि सम्बन्धमा सविस्तार प्रस्तुत गर्नु भयो । The Carter Centre, OHCHR, Romania, Zimbabe, Kenya, UNDP, Armenia, OSCE/ODIHR (Office for Democratic Institutions and Human Rights) का प्रतिनिधिले Sovereignty, Democracy, Governance, Human Rights, Development लगायतका लागि स्वच्छ र स्वतन्त्र निर्वाचन हुनुपर्ने र भयरहित ढंगबाट निर्वाचित हुन पाउने र छान्न पाउने व्यक्तिको मौलिक हक एवं राजनीतिक अधिकार पनि रहेकोले यसको सुनिश्चितताको लागि NHRIs ले काम गर्नुपर्नेमा छलफल केन्द्रित रहेको थियो ।




केन्या, नेपाल र बंगलादेशका आयोगहरुले निर्वाचन प्रकृयालाई मानव अधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने

गरेको छलफलको क्रममा पाइयो । युगान्डाले निर्वाचनको समयमा Hot Spot हरु पहिचान गरी त्यस क्षेत्रको अनुगमन गर्ने गरेको पाइयो । निर्वाचनको क्रममा कैदीबन्दी तथा हिरासतमा राखिएकाहरुको अधिकार सम्बन्धमा पनि अनुगमन गर्नुपर्ने छलफलबाट सुझाव प्राप्त भयो ।

यस लगायत वार्षिक बैठकमा आप्रवासन सम्बन्धी छलफल तथा कार्यशाला, राष्ट्रिय संस्थाहरुको सफल GANHRI को नेतृत्व चयन, APF लगायतका क्षेत्रीय सञ्जालहरुको बैठक, आन्तरिक विस्थापितहरुका सम्बन्धमा आयोगहरुको राष्ट्रिय संस्थाहरुको अनुभव आदान प्रदान, अपाङ्गता भएका व्यक्तिहरुमाथि हुने विभेदको अन्त्य, समावेशिताको सिद्धान्त लागू गर्न, PWDs लाई सबैखाले सहयोग पुर्‍याउन, सामाजिक आर्थिक रुपमा समावेशिता अभिवृद्धि गर्न, सोको लागि आवश्यक मानव अधिकार सम्बन्धी मापदण्डहरु तयार गर्न, नीति निर्माताहरुलाई निर्देशिका बनाई व्यवस्थित रुपमा कार्य गर्न लगायतका विषयमा बैठक तथा कार्यशाला केन्द्रित रहेको थियो । साथै मानव अधिकारको संरक्षणको सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरुसँग द्विपक्षीय सहयोग तथा सहकार्यका विषयमा छलफल भएको थियो ।

छलफलको क्रममा राष्ट्रिय मानव अधिकार आयोग नेपालले अपांगता भएका व्यक्तिहरुको हक अधिकारको संरक्षणको लागि सकृयतापूर्वक कार्य गरिरहेको, UPR र CRPD Report मार्फत उनीहरुको वर्तमान अवस्थाको बारेमा सरोकारवाला तथा अन्तर्राष्ट्रिय समुदायलाई पनि जानकारी गराइएको थियो । यस बाहेक अन्य विषयगत आयोगहरुले पनि यस सम्बन्धमा कार्य गरिरहेको र राष्ट्रिय समावेशी आयोग समेत गठन भएको बताइयो । संवैधानिक आयोगको रुपमा राष्ट्रिय मानव अधिकार आयोगले नियमित रुपमा अनुगमन, अनुसन्धान तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालसँगको सहकार्यमा प्रादेशिक सम्मेलन एवं राष्ट्रिय सम्मेलनहरुबाट प्राप्त निष्कर्षको आधारमा नेपाल सरकारलाई आवश्यक सिफारिस गरिएको बताइयो । टोलीका अन्य सदस्यहरुमा माननीय सदस्यहरु श्री प्रकाश वस्ती, श्री सुदिप पाठक र आयोगका सचिव श्री वेद प्रसाद भट्टराई रहनु भएका थियो ।

## राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार आयोग भारतका पदाधिकारीहरुबीच उच्चस्तरीय भेटघाट तथा छलफल



राष्ट्रिय मानव अधिकार आयोग नेपालका माननीय सदस्य सुदिप पाठक नेतृत्वको टोलीले मिति २०७५ माघ २१ गते देखि २५ गते सम्म राष्ट्रिय मानव अधिकार आयोग भारतका अध्यक्ष, सदस्य, सचिव लगायत विभिन्न उच्च अधिकारीहरुसँग छुट्टाछुट्टै भेटघाट तथा छलफल गरेको थियो । सो अवशरमा राष्ट्रिय मानव अधिकार आयोग भारतबाट मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा हुँदै आएका विभिन्न कार्यहरु, उजुरी ग्रहण, अध्ययन, अनुसन्धान प्रक्रिया, सूचना प्रविधि एवं सञ्चारसँगको समन्वय तथा सहकार्य लगायतका विषयहरुमा टोलीले जानकारी लिएको थियो ।

सो क्रममा टोलीले राष्ट्रिय महिला आयोग, राष्ट्रिय अनुसूचि जातीय आयोग, राष्ट्रिय अनुसूचि जनजाती आयोग, राष्ट्रिय अल्पसंख्यक आयोग, राष्ट्रिय सफाई कर्मचारी आयोग, विशेष समाधिक्षकहरु लगायतसँग भेटघाट तथा गरेको थियो ।

उक्त टोलीमा राष्ट्रिय मानव अधिकार आयोग नेपालका सचिव वेद भट्टराई, निर्देशक मुरारिप्रसाद खरेल, उपनिर्देशकद्वय श्यामबाबु काफ्ले, लोकनाथ वास्तोला मानव अधिकार अधिकृतद्वय जीवन न्यौपाने र तारा वाग्ले संलग्न रहनुभएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७५ मंसिर २३

## आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्‍यो ।

राष्ट्रिय मानव अधिकार आयोगले आयोगको वार्षिक (आ.व. २०७४-२०७५) प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष आज पेश गरेको छ । संविधानको धारा २९४ (१) वमोजिम आयोगका माननीय अध्यक्ष अनूपराज शर्माले उक्त प्रतिवेदन पेश गर्नुभएको हो ।

प्रतिवेदन बुझ्दै सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीले मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय कानूनको पक्ष राष्ट्रको हैसियतले त्यसको पूर्णपरिपालना गर्ने दयित्व राज्यको रहेको वताउनुभयो । मानव अधिकारको सम्मान र संरक्षण गर्ने प्रमुख जिम्मेवारी सरकारको हो भन्नुहुँदै विद्यालय तहको पाठ्यक्रममा नैतिक शिक्षा, लैंगिक अविभेदका विषयहरु समाविष्ट हुनुपर्ने वताउनुभयो । देशमा भैरहेका आपराधिक घटनाहरुप्रति चासो व्यक्त गर्दै घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउन तथा पीडितलाई न्याय प्रदान गर्न राज्य जिम्मेवार हुनुपर्ने वताउनुभयो । मानव अधिकारको संरक्षण गर्दै नागरिकका अधिकार र कर्तव्य दुवैलाई सँगसँगै लैजान राष्ट्रिय मानव अधिकार आयोगको महत्वपूर्ण भूमिका रहने वताउनुभयो ।

प्रतिवेदन पेश गर्ने कार्यक्रममा आयोगका माननीय सदस्यहरु, सचिव, निर्देशक लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माले व्यक्त गर्नुभएको मन्तव्य यसैसाथ संलग्न गरिएको छ ।

मोहना अन्सारी
सदस्य/ प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

## मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा

राष्ट्रिय मानव अधिकार आयोगमा उजूरी गरौं ।

**उजुरी दता गराउँदा कुनै दस्तुर लाग्दैन ।**

उजूरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानव अधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

### उजूरी दिने ठेगाना:

राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, पुल्चोक ललितपुर, नेपाल

फोन: ०१ ५०१००१५ हटलाइन ०१ ५०१००००

इमेल: complaints@nhrcnepal.org Website: www.nhrcnepal.org

Facebook: www.facebook.com/National-Human-Rights-Commission-of-Nepal-NHRC-Nepal Twitter: @NepalNHRC

### प्रदेश कार्यालयहरु

विराटनगर, मोरङ

फोन: ०२१-४६१०३१ र ४६१०९३, फ्याक्स: ९७७-२१-४६११००, इमेल: nhrcbrt@nhrcnepal.org

जनकपुर, धनुषा

फोन: ०४१-५२७८११ र ५२७८१२ फ्याक्स: ९७७-४१-५२७२५० इमेल: nhrcjnk@nhrcnepal.org

सानेपा, ललितपुर, फोन नं. ०१-५५३०३६२

पोखरा, कास्की

फोन: ०६१-४६२८११ र ४६३८२२, फ्याक्स: ९७७-६१-४६५०४२, इमेल: nhrcpkr@nhrcnepal.org

बुटवल, रुपेन्देही, फोन: ०७१-५४६९११, इमेल: nhrcbtl@nhrcnepal.org

विरेन्द्रनगर, सुर्खेत (प्रस्तावित)

धनगढी, कैलाली, फोन: ०९१-५२५६२१ र ५२५६२२, फ्याक्स: ९७७-९१-५२५६२३, इमेल: nhrcdhn@nhrcnepal.org

#### प्रदेश शाखा कार्यालयहरु

दिक्तेल, खोटाङ्ग, फोन: ०३६-४२०२८४ इमेल: nhrckht@nhrcnepal.org

खलङ्गा, जुम्ला, फोन: ०८७-५२०२२२, इमेल: nhrcjum@nhrcnepal.org

नेपालगञ्ज, बाँके, फोन: ०८२-५२६७०७, फ्याक्स: ०८२-५२६७०६

### मानव अधिकार पत्र प्रकाशन समिति:

संयोजक : दुर्गा पोखरेल

सदस्यहरु: रबिता त्वाती, माया गैरे, डेगराज भट्टराई र मुक्तिराम सुवेदी